सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानिय विकासको आधार

(नेपाल राष्ट्र बैंकबाट "ख"वर्गको इजाजतपत्र प्राप्त राष्ट्रियस्तरको विकास बैंक)
रजिष्टर्ड केन्द्रीय कार्यालय बालुवाटार, काठमाडौं वडा नं. ४। फोन नं. : ०१-४४२१८६१/०१-४४२२८६४,
फ्याक्स नं. ०१-४४२१७६६ । E-mail: info@shangrilabank.com, URL:www.shangrilabank.com

१० वर्ष अवधि तथा वार्षिक ९ प्रतिशत ब्याजदर भएको
"सांग्रिला डेभलपमेन्ट बैंक डिवेन्चर २०८७"

आह्वान पत्र

ऋणपत्रको बिक्री खुल्ला अवधि

ऋणपत्र निष्काशन खुल्ला हुने मिति	२०७८/03/06
ऋणपत्र निष्काशन बन्द हुने मिति (छिटोमा)	२०७८/03/09 (बैकिङ्ग समय पश्चात्)
ऋणपत्र निष्काशन बन्द हुने मिति (ढिलोमा)	२०७८/03/20 (बैकिङ्ग समय पश्चात्)
आवेदन दिनुपर्ने न्यूनतम ऋणपत्र सङ्ख्या	२५ कित्ता
आवेदन दिन पाउने अधिकतम ऋणपत्र सङ्ख्या	३,00,000 कित्ता

दरखास्तसाथ एकमुष्ठ रु. १,000/- प्रति ऋणपत्रका दरले भुक्तानी माग गरिएको

यो विवरणपत्र नभई केवल आह्वान पत्र मात्र हो ।

१० वर्ष अवधि तथा वार्षिक ९ प्रतिशत ब्याजदर भएको प्रति ऋणपत्र रु.१,०००/- अंकित मूल्यका ७ लाख ५० हजार कित्ताले हुन आउने रु.७५ करोड बराबरको ऋणपत्र मध्ये ४ लाख ५० हजार कित्ता ऋणपत्रले हुन आउने कूल रु.४५ करोड ऋणपूँजी रकम व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने तथा ३ लाख कित्ता ऋणपत्रले हुन आउने कूल रु.३० करोड ऋण पूँजी रकम (सो मध्ये ५% अर्थात १५,००० कित्ता ऋणपत्र सामूहिक लगानी कोषका लागि बाँडफाँड गरिएको समेत) सर्वसाधारण नेपालीको लागि सार्वजनिक निष्काशनबाट बिक्री गरिने।

इस्युअर रेटिङ्ग सम्बन्धि विवरण :

यस बैंकलाई ICRA Nepal Limited ले Moderate Credit Risk जनाउने "[ICRANP - IR] BB+1" (Pronounced as ICRA NP Double B Plus) ग्रेडिङ्ग मिति २०७७/१०/२२ मा प्रदान गरेको छ। उक्त क्रेडिट रेटिङ्ग प्राप्त संस्थालाई समयमानै वित्तीय दायित्व पूरा गर्ने तथा कर्जा जोखिम मध्यम भएको संस्थाको रुपमा लिइन्छ। इक्रा नेपाल लिमिटेडले "(ICRANP-IR)AA" देखि "(ICRANP-IR) C" सम्मको ग्रेडिङ्ग प्रदान गर्दछ। जसमा ग्रेड "ICRANP AA" ले सकारात्मक आधार जनाउँछ भने "ICRA-NP C " ले नकारात्मक आधारहरू जनाउँछ।

ग्रेड प्रदान गरेको मिति : ४ फेब्रुअरी २०२१। ग्रेड बहाल रहने अवधि : ३ फेब्रुअरी २०२२ सम्म।

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत मिति : २०७८/०१/०७
नेपाल राष्ट्र बैंकमा विवरणपत्र दर्ता भएको मितिः २०७८/०१/१३ र कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मितिः २०७८/०२/२३

१. संस्थाको नाम: सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड : (Shangri-la Development Bank Limited)

२. कुन ऐन अन्तर्गत स्थापित भएका सो कुरा: कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित।

३. संस्थाको रजिष्ट्रर्ड ठेगाना: यस कम्पनीको रजिष्ट्रर्ड (केन्द्रीय) कार्यालय बागमती अञ्चल, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.४, बालुवाटारमा रहेको छ।

४. कारोवार गर्ने मुख्य स्थान:

यस डेभलपमेन्ट बैंकको प्रधान कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका बालुवाटारमा रहेको छ र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई बैंकले आफ्ना शाखा, उपशाखा वा अन्य कार्यालय मार्फत् नेपाल भर कारोवार गर्न सक्नेछ। यस डेभलपमेन्ट बैंकले नेपाल राष्ट्र बैंकले स्वीकृत गरेअनुसार नेपालभित्र ९५ शाखाहरुबाट आफ्नो कारोवार सञ्चालन गर्दै आएको छ।

क्र.सं.	शाखाको नाम र प्रदेश	क्र.सं.	शाखाको नाम र प्रदेश
१	पोखरा न्युरोड शाखा, कास्की, फोन नं. : ०६१-५२३७१५	४९	बेनी शाखा, पर्वत, फोन नं. : ०६९-५२१३५२
२	दुलेगौंडा शाखा, तनहुँ, फोन नं. : ०६५-४१४२७७	५०	फिक्कल शाखा, इलाम, फोन नं. : ०२७-५४०७२२
३	भद्रकाली शाखा,कास्की, फोन नं. : ०६१-५२८३४४	५१	कपन शाखा, काठमाडौं, फोन नं. : ०१-४८२३१९०
४	बुटवल शाखा,रुपन्देही, फोन नं. :०७१-५५१५२७	५२	शनिश्चरे शाखा, झापा, फोन नं. : ०२३-४६५०५९
५	नयाँ बसपार्क शाखा, कास्की, फोन नं. : ०६१-५२४९३८	५३	धनकुटा शाखा, धनकुटा, फोन नं. : ०२६-५२१३८५
६	रामबजार शाखा,कास्की, फोन नं. : ०६१-४३२३३१	५४	धनगढी शाखा, कैलाली, फोन नं. : ०९१-५२६०४४
७	विरौटा शाखा, कास्की, फोन नं. : ०६१-४६६०१७	५५	नक्खिपोट शाखा, ललितपुर, फोन नं. : ०१-५१५९५६
८	बाग्लुङ शाखा, बाग्लुङ, फोन नं. : ०६८-५२२६४१	५६	महेन्द्रनगर शाखा, कंचनपुर, फोन नं. : ०९९-५२४९४८
९	नारायणगढ शाखा,चितवन, फोन नं. : ०५६-५२१६९७	५७	साँफेबगर शाखा, अछाम, फोन नं. : ०९७-६२५१९३
१०	जिरो किलोमिटर शाखा, कास्की, फोन नं. : ०६१-५२५९६१	५८	जोमसोम शाखा, मुस्ताङ, फोन नं. : ०६९-४४०४५०
११	हेटौंडा शाखा, मकवानपुर, फोन नं. : ०५७-५२६४४१	५९	रजैया शाखा, मकवानपुर, फोन नं. : ०५७-४१९३२४
१२	रानिपौवा शाखा, कास्की, फोन नं. : ०६१-५२५९५१	६०	गल्छी शाखा, धादिङ, फोन नं. : ०१०-४०३२२१
१३	अमरापुरी शाखा, नवलपरासी, फोन नं. : ०७८-४१७१७०	६१	मलेखु शाखा, धादिङ, फोन नं. : ०१०-४००१६०
१४	नेपालगंज शाखा, बाँके, फोन नं. : ०८१-४११२४६	६२	सुलिचौर शाखा, रोल्पा, फोन नं. : ९८५७८३२००३
१५	सुर्खेत शाखा, सुर्खेत, फोन नं. : ०८३-५२३०७४	६३	रिढी शाखा, गुल्मी, फोन नं. : ०७९-४००१२०
१६	कोहलपुर शाखा, बाँके, फोन नं. : ०८१-५४१३५७	६४	भुमही शाखा, नवलपरासी, फोन नं. : ०७८-४१५३९५
१७	लमही शाखा, दाङ, फोन नं. : ०८२-५४०४५१	६५	हेम्जा शाखा, कास्की, फोन नं. : ०६१-४००५६१
१८	भालुवाङ शाखा, दाङ, फोन नं. : ०८२-४१५०६५	६६	दमौली शाखा, तनहुँ, फोन नं. : ०६५-५७०३२७
१९	त्रिभुवनचोक शाखा, बाँके, फोन नं. : ०८१-५२३०१२	६७	भोटेचौर शाखा, सुर्खेत, फोन नं. : ०८३-४१५०१९
२०	खजुरा शाखा, बाँके, फोन नं. : ०८१-५६०३८५	६८	कावासोती शाखा,नवलपरासी, फोन नं. : ०७८-५४०४९१
२१	घोराही शाखा, दाङ, फोन नं. : ०८२-५६३१६१	६९	गोरुसिङ्गे शाखा, कपिलबस्तु, फोन नं. : ०७६-५४५२११
२२	तुल्सिपुर शाखा, दाङ, फोन नं. : ०८२-५२१६७९	७०	भरतपोखरी शाखा, कास्की, फोन नं. : ०६१-६२२६५९
२३	राँझा शाखा, बाँके, फोन नं. : ०८१-५६५३७७	७१	राकाम शाखा, दैलेख, फोन नं. : ०१-६२२७३४५
२४	न्युरोड शाखा, काठमाडौं, फोन नं. : ०१-४२२६७४९	७२	लम्की शाखा, कैलाली, फोन नं. : ०९१-५४०५५१
२५	बालुवाटार शाखा, काठमाडौं, फोन नं. : ०१-४४२१८६१	७३	धरान शाखा, सुनसरी, फोन नं. : ०२५-५२१०४२
२६	टाँडी शाखा, चितवन, फोन नं. : ०५६-५६३२८४	७४	दार्चुला शाखा, दार्चुला, फोन नं. : ०९३-४२०५२१
२७	अत्तरिया शाखा, कैलाली, फोन नं. : ०९१-५५११६७	७५	पाटन बैतडी शाखा, बैतडी, फोन नं. : ०९५-४००१०५
२८	जुम्ला शाखा, जुम्ला, फोन नं. : ०८७-५२०६३३	७६	बटार शाखा, नुवाकोट, फोन नं. : ०१०-५६१९५७
२९	इटहरी शाखा, सुनसरी, फोन नं. : ०२५-५८८२०१	७७	बिर्तामोड शाखा, झापा, फोन नं. : ०२३-५४४४६३
३०	गुलरिया शाखा, बर्दीया, फोन नं. : ०८४-४२०८७६	७८	कुश्मा शाखा, पर्वत, फोन नं. : ०६७-४२१११९
३१	इमाडोल शाखा, ललितपुर, फोन नं. : ०१-५२०४२६१	७९	सानेपा शाखा, ललितपुर, फोन नं. : ०१-५१८३३३७
३२	गोरखा शाखा, गोरखा, फोन नं. : ०६४-४२१५३६	८०	पेप्सीकोला शाखा, काठमाडौं, फोन नं. : ०१-५९००७०१
३३	सल्यानटार शाखा, धादिङ, फोन नं. : ०१६-२०१८६४	८१	ठिमी शाखा, भक्तपुर, फोन नं. : ०१-६६३५३०७
३४	घ्याम्पेसाल शाखा, गोरखा, फोन नं. : ०६४-६९०९८४	८२	लाहान शाखा, सिराहा, फोन नं. : ०३३-५६१६१५
३५	पालुङटार शाखा, गोरखा, फोन नं. : ०६४-४०००७०	८३	जितपुर शाखा, बारा, फोन नं. : ०५३ ४१२२५२
३६	छेप्टार शाखा, गोरखा, फोन नं. : ०६४-६९०९८५	८४	बयलबास शाखा, सर्लाही, फोन नं. : ०४६-५७५२२५
३७	अनामनगर शाखा, काठमाडौं, फोन नं. : ०१-४२२३६१४	८५	बानेश्वर शाखा, काठमाडौं, फोन नं. : ०१-४४९१६६२
३८	डुम्रे शाखा, तनहुँ, फोन नं. : ०६५-५८०४३४	८६	टोखा शाखा, काठमाडौं , फोन नं. : ०१-४३५२८६०
३९	लेकसाइड शाखा, कास्की, फोन नं. : ०६१-४६७७१२	८७	सिमिकोट शाखा, हुम्ला, फोन नं. : ०८७-६८०२०४
४०	बनस्थली शाखा, काठमाडौं, फोन नं. : ०१-४३५४३६४	८८	कालिमाटि शाखा, काठमाडौं, फोन नं. : ०१-५९०३५५२
४१	ताल चोक शाखा, कास्की, फोन नं. : ०६१-५६१९४०	८९	नयाबानेश्वर शाखा, काठमाडौं, फोन नं. : ०१-४७९७०८९
४२	बर्दिबास शाखा, महोत्तरी, फोन नं. : ०४४-५५०७५९	९०	कमलबिनायक शाखा, भक्तपुर, फोन नं. : ०१-६६२०९४९
४३	मन्थली शाखा, रामेछाप, फोन नं. : ०४८-५४०६२२	९१	चावाहिल शाखा, काठमाडौं, फोन नं. : ०१-५९०६०१०
४४	टंकी सिनवारी शाखा, मोरङ, फोन नं. : ०२१-४२०८०२	९२	असन शाखा, काठमाडौं, फोन नं. : ०१-५९०८१६६
४५	कुमारीपाटी शाखा, ललितपुर, फोन नं. : ०१-५५२४६३५	९३	कोल्हवी शाखा, बारा,, फोन नं. : ०५३-४१०१०७
४६	आँधिखोला शाखा, स्याङ्जा, फोन नं. : ९८५७६३४६०९	९४	भैरहवा शाखा, रुपन्देही, फोन नं. : ०७१-५२१९३७
४७	फेदिखोला शाखा, स्याङजा जिल्ला, फोन नं. : ०६३-४०२०९१	९५	बेलवारी शाखा, मोरङ, फोन नं. : ०२१-४३४४५१
४८	नारायणटार शाखा, काठमाडौं जिल्ला, फोन नं. : ०१-४९१२०७८		

५. संगठित संस्थाको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु:

सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड, कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा मिति २०६०।१०।२३ मा दर्ता भई नेपाल राष्ट्र बैंकबाट मिति २०६३/०१/१७ गते स्विकृती प्राप्त गरी बैंकिङ्ग कारोवार प्रारम्भ गरेको संस्था हो। तत्कालिन सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड श्री बागेश्वरी डेभलपमेन्ट बैंक लिमिटेडमा गाभिए पश्चात सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडको नामबाट वित्तीय कारोवार गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार २०७१/०२/३० गते नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गरी "ख" वर्गको वित्तीय संस्थाको हेसियतले बैंकिङ्ग कारोवार सञ्चालन गर्दै आएको छ। तत् पश्चात सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले कसमस डेभलपमेन्ट बैंक लिमिटेडलाई गाभ्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट मिति २०७४।०३।२० मा अन्तिम स्विकृती प्राप्त गरी सांग्रिला डेभलपमेन्ट बैंकको नाममा एकिकृत कारोवार शुभारम्भ भई कारोवार गर्दै आएको कम्पनी हो।

नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोबार गर्ने कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

(क) बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा अन्य भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,
(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यावसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन सहयोग पुऱ्याउने,
(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारी मूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रवर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरीबि निवारणकालागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने, र
(घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने।

६. पूँजी संरचना सम्बन्धी जानकारी :

अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :

१) **अधिकृत पूँजी :** बैंकको अधिकृत पूँजी रु.३,००,००,००,०००/- (अक्षेरुपी तीन अर्ब मात्र) रहेको छ। सो पूँजीलाई प्रति शेयर रु.१०० का दरका ३,००,००,००० (तीन करोड) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।
२) **जारी पूँजी :** यस बैंकको तत्काल जारी गरेको शेयर पूँजी रु.२,६०,६६,४०,४००/- (अक्षेरुपी दुई अर्ब साठी करोड छैसट्ठि लाख चालिस हजार चार सय रुपैंया) रहेको छ।
३) **चुक्ता पूँजी :** यस बैंकको तत्काल जारी गरेको शेयर पूँजी रु.२,६०,६६,४०,४००/- (अक्षेरुपी दुई अर्ब साठी करोड छैसट्ठि लाख चालिस हजार चार सय रुपैंया) रहेको छ।

७. निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :

ऋणपत्र निष्काशन गरी बाँडफाँट गरे पश्चात बैंकको शेयर पुँजी र ऋण पूँजीको संरचना देहाय बमोजिम हुनेछ :

अ. शेयर पुँजी

समूह	शेयरधनीहरु	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
(क)	संस्थापक	१३,२९३,८६६.००	५१%	१,३२९,३८६,६००.००	शतप्रतिशत
(ख)	सर्वसाधारण (कर्मचारीहरु समेत)	१२,७७२,५३८.००	४९%	१,२७७,२५३,८००.००	शतप्रतिशत
	जम्मा	२६,०६६,४०४.००	१००%	२,६०६,६४०,४००.००	

आ. ऋणपत्र पूँजी :

विवरण	चुक्ता रकम	भुक्तानी प्रतिशत
"सांग्रिला डेभलपमेन्ट बैंक डिवेन्चर २०८७"	रु.७५,००,००,०००/-	निष्काशन प्रकृयामा
जम्मा	रु.७५,००,००,०००/-	

८. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था:

यस संस्थाको नियमावलीको नियम ८ मा भएको व्यवस्था अनुसार सात (७) जना सञ्चालक रहेको एक सञ्चालक समिति देहाय बमोजिम रहेको छ।

"क" समूहमा रहेका संस्थापक समूहबाट मनोनित/निर्वाचित	३ जना
समूह "ख" अन्तर्गतका सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित	३ जना
स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक	१ जना
जम्मा	७ जना

नोट : सर्वसाधारण शेयरधनीहरुबाट १ जना नियुक्ति हुन बाँकी भएकोले हाल ६ जना सञ्चालक रहनु भएको छ।
सञ्चालकहरुको कार्यकाल ४ वर्षको हुनेछ।

९. कम्पनीको सकारात्मक पक्षहरु :

- दक्ष तथा अनुभवी व्यक्तिहरुको लगानीमा स्थापना तथा संचालन गरिएको कम्पनी।
- स्थापनाकाल देखि नै पूर्ण कम्प्युटरकृत प्रविधिबाट वित्तीय सेवा प्रदान गर्दै आइरहेको।
- ग्राहकहरुलाई सहज तथा सरल कर्जा तथा अन्य सेवा प्रदान गर्दै आएको।

१०. संस्थापक/संचालक सम्बन्धी जानकारी :

आधारभुत शेयरधनीहरुको विवरण:

सि.नं.	नाम, ठेगाना	पद	उमेर (वर्ष)	राष्ट्रियता	शेयर स्वामित्व (कित्ता)	शैक्षिक योग्यता	अनुभव (पूर्व र हाल कार्यरत)
१	श्री विश्वास गोचन, नख्खु-२, ललितपुर	संस्थापक	५१	नेपाली	५१६,८९४	पि.एच.डी (अर्थशास्त्र) एफसिए	बफ्यालो कमेसियल बैंक साउथ सुडेनमा २ वर्ष प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत, आइआइडिएस मा कार्यकारी निर्देशकको रुपमा कार्यरत, नेपाल र अफ्रिकन देशमा युएन मा १० वर्षको कार्यानुभव।
२	श्री राजेश नारायण श्रेष्ठ, नेपालगञ्ज-२, बाँके	संस्थापक	५३	नेपाली	४९७,२५४	आई.ए	व्यापार व्यवसायको अनुभव।
३	श्री उज्जवल सत्याल, बालुवाटार-४, काठमाडौं	संस्थापक	६२	नेपाली	३७६,४२१	स्नातकोत्तर	व्यापार व्यवसायको अनुभव।
४	श्री राजेन्द्र प्रसाद पौडेल, वनस्थली-१६, काठमाडौं	संस्थापक	५१	नेपाली	२६७,३५४	स्नातक	पूर्व प्रमुख कार्यकारी अधिकृत, सांग्रिला डेभलपमेण्ट बैंक लिमिटेड, व्यापार व्यवसायको अनुभव।
५	श्री राजेश कुमार श्रेष्ठ, काठमाण्डौं	संस्थापक	५०	नेपाली	२६३,२०४	एम. ए.	व्यापार व्यवसायको अनुभव।
६	श्री अम्बी रत्न शाक्य, सि.न.पा.८, रुपन्देही	सर्वसाधारण	५३	नेपाली	३६५,१११	एस.एल.सी	लगानीकर्ता

संचालकहरुको विवरण :

सि.नं	नाम, ठेगाना	पद	योग्यता	राष्ट्रियता	उमेर	अनुभव (पूर्व र हाल कार्यरत)	शेयर स्वामित्व
१.	श्री अच्यूत प्रसाद प्रसाई, नेपालगञ्ज-२, बाँके	अध्यक्ष	स्नातकोत्तर	नेपाली	६५	नेपालगंज एजुकेशनल फाउण्डेशनमा अध्यक्षको रुपमा कार्यानुभव, गौरीशंकर ट्रेडर्समा प्रोप्राइटरको रुपमा कार्यानुभव, पूर्व अध्यक्ष- नेपालगञ्ज उद्योग वाणिज्य संघ, पुर्व अध्यक्ष भेरी सहकारी संस्था लिमिटड, बागेश्वरी डेभलपमेण्ट बैंक लिमिटेडमा सञ्चालक तथा अध्यक्षको कार्यानुभव, सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडको सञ्चालकको रुपमा रही ४ वर्षको कार्यानुभव, बिभिन्न व्यवसाय तथा सामाजिक कार्यमा संलग्न।	संस्थापकः १७३,९६४ सर्वसाधारणः ६६,१६०
२.	श्री सुशिल काजी बानिया, का.म.न.पा. -४, धुम्बाराही, काठमाडौं	सञ्चालक	स्नातकोत्तर	नेपाली	४३	कानून व्यवसाय क्षेत्रमा ११ वर्षको कार्यानुभव। ल फर्म- एस लिगल सर्भिस प्रा.लि.मा आवद्ध। विभिन्न कम्पनीहरुमा कानून कन्सल्टेन्टको रुपमा आवद्ध। कसमस डेभलपमेण्ट बैंक लिमिटेडमा संचालकको कार्यअनूभव।	संस्थापकः २१,२२५ सर्वसाधारणः ४,६७३
३.	श्री नरेश मान तुलाधर, गणबहाल, काठमाडौं	सञ्चालक	एम.वि.ए.	नेपाली	५१	ग्रुप अफ विजनेश कन्सल्टेन्ट प्रा.लि. मा म्यानेजिङ डिरेक्टरको रुपमा सन् २००१ देखी २००३ सम्म कार्यरत, नेपाल कमर्श क्याम्पस, मिनभवन, काठमाडौंमा सन् १९९७ देखि २००२ सम्म पार्ट टाइम लेक्चररको रुपमा कार्यरत, सैनिक मेमोरियल एकेडमी, पुलचोक, ललितपुरमा सन् २००० देखि २००२ सम्म लेक्चररको रुपमा कार्यरत ,एभरेष्ट कलेज थापाथली, काठमाडौंमा सन् २००१ देखि २००२ सम्म पार्ट टाइम लेक्चररको रुपमा कार्यरत, एसियन एडहेसिभ प्रा.लि., गणवहाल, काठमाडौंमा सन् १९९५ देखि हालसम्म कार्यकारी निर्देशकको रुपमा कार्यरत ,इण्डष्ट्रियल इन्टरप्राइजेज डेभलपमेन्ट इन्स्टिच्युट, काठमाडौंमा सन् २००३ देखि २००८ सम्म ट्रेनरको रुपमा कार्यरत, युनिक कलेज अफ म्यानेजमेन्ट, पुलचोक, ललितपुर मा सन् २००४ देखि २०१८ सम्म फाइनान्स डिरेक्टरको रुपमा कार्यरत	संस्थापक : ११,६१२ सर्वसाधारण : ६,३२५
४.	श्री गंगा सागर ढकाल, औंधिखोला गा.पा. ६, स्याङ्जा	सञ्चालक	स्नातकोत्तर	नेपाली	६५	मिति २०४५.०३.२२ देखि नेपाल प्रशासन सेवाको राजपत्राकित तृतिय श्रेणीको रुपमा नियूक्त भई मिति २०७०.०२.०७ बाट रा.प. द्वितिय श्रेणी पद बाट अवकास प्राप्त भई निजामति सेवामा २६ वर्षको कार्यानूभव।	सर्वसाधारणः ३,१२२
५.	श्रीमती लिसा शेरचन, टोखा ०३, काठमाडौं	सञ्चालक	एम.एस.सि.	नेपाली	३७	अगस्ट २०१२ देखी USA New york स्थित Three sixty Eductaion Solution (Pac Asia Study Abroad) मा निर्देशकको रुपमा आवद्ध,अगस्ट २००७ देखी अप्रिल २०१० सम्म USA New york स्थित Goldman Sachs,(Banglore) Asset Management df Compliance Officer को रुपमा कार्यानूभव, अगस्ट २००६ देखी जुन २००७ सम्म USA New york स्थित Goldman Sachs -Newyork मा Compliance officer मा कार्यानूभव	सर्वसाधारणः १०००
६.	श्री राजुनाथ खनाल, म्याग्दे गा.पा. वडा नं. १, गुण्दी, तनहु	स्वतन्त्र संचालक	एम.वि.ए.	नेपाली	५८	नेपाल बैंक लिमिटडमा नायव प्रवन्धकको रुपमा ७ वर्ष, वरिष्ठ प्रवन्धकको रुपमा ७ वर्ष मुख्य प्रवन्धकको रुपमा ३ वर्ष, उप महाप्रवन्धकको रुपमा ५ वर्ष निमित्त प्रमूख कार्यकारी अधिकृतको रुपमा १ वर्षको कार्यानूभव	-

११. सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण:

बैंकको विगत ३ वर्षको लागि लेखापरीक्षण भएको वित्तीय विवरणहरु देहाय बमोजिम रहेको छ :

वासलात *(रु.लाखमा)*

सम्पत्ति	आ.व. २०७४/०७५	आ.व. २०७५/०७६	आ.व. २०७६/०७७	२०७७ चैत्र मसान्त (अपरिष्कृत)
नगद तथा नगद समान	४७,३२५.१०	३८,७६१.४१	३८,२८५.९५	५२,७८३.८०
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनुपर्ने रकम	८,१८६.५१	८,३२०.८३	१४,२६५.९८	१५,८६३.०१
बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात तथा लगानी (प्लेसमेन्ट)	-	२५.१५	५६.१०	५५.८९
व्युत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण	-	-	-	-
अन्य व्यापारीक सम्पत्तिहरु	-	-	-	-
बैंक तथा वित्तीय संस्थालाई प्रवाह गरेको कर्जा तथा सापटी	१,७६७.६२	४,२९९.५१	९,३१०.९६	२६,९१६.९१
ग्राहकहरुलाई प्रवाह गरेको कर्जा तथा सापटी	१४४,०२४.७८	१९०,०६५.७६	२२९,३४३.९८	३१३,७३४.१४
धितोपत्रमा गरेको लगानी	७,३९२.६८	१५,८२५.७१	३१,७८७.१५	४१,४०१.३२
चालु कर सम्पत्ति	३१४.८६	-	२९८.१६	-
सहायक कम्पनीमा लगानी	-	-	-	-
सम्बद्ध कम्पनीमा लगानी	१००.००	१००.००	-	-
सम्पत्तिमा लगानी	-	-	-	-
सम्पत्ति र उपकरण	२,०९७.५०	४,२७७.००	४,१२८.९६	३,८७६.८१
गुडवील (ख्याती) र अमुर्त सम्पत्ति	२९.७३	७१.१०	५१.७२	३९.२०
स्थगन कर सम्पत्ति	४६.२६	३१७.१६	२८४.३३	२८०.७३
अन्य सम्पत्ति	१,४२१.५८	७७२.८८	१,१७०.०५	३,६९४.५७
कूल सम्पत्ति	२१२,७०६.६२	२६२,८३६.५२	३२८,९८३.३४	४६८,६४६.३८
दायित्व र पूँजी	**आ.व. २०७४/०७५**	**आ.व. २०७५/०७६**	**आ.व. २०७६/०७७**	**२०७७ चैत्र मसान्त (अपरिष्कृत)**
बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी कर्जा/सापटी	२२,२४२.५९	३१,४६६.९२	११,२०७.३१	१४,६२१.९३
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम	२५.००	३७.४०	१३.२८	७१५०.२४
व्युत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण	-	-	-	-
ग्राहकको निक्षेप दायित्व	१५५,६३९.७२	१९४,२३८.३३	२८१,३२६.९७	४०४,८६५.०५
सापटी	-	-	-	-
चालु कर दायित्व	-	१५१.७६	-	१,१८३.६३
व्यवस्था रकमहरु	-	-	-	-
स्थगन कर दायित्व	-	-	-	-
अन्य दायित्वहरु	३,४८५.४९	३,५९०.५४	३,३७५.४२	४,३४६.१०
जारी गरिएको ऋणपत्र	-	-	-	-
असुरक्षित सहायक आवधिक दायित्व	-	-	-	-
कूल दायित्व	१८१,३९२.८०	२२९,४८४.९५	२९५,९२२.९८	४३२,१६६.९५
पूँजी				
शेयर पूँजी	२५,०६३.८५	२६,०६६.४०	२६,०६६.४०	२६,०६६.४०
शेयर प्रिमियम	२६६.४८	-	-	
सञ्चित मुनाफा	२,१३९.२१	२,३३५.३७	१,५३४.९३	३,८९४.६७
जगेडा	३,८४४.२८	४,९४९.७९	५,४५९.०३	६,५१८.३६
शेयरधनीहरुलाई बाँडफाँडयोग्य कूल इक्विटी	३१,३१३.८२	३३,३५१.५७	३३,०६०.३६	३६,४७९.४३
गैर नियन्त्रित स्वार्थ	-	-	-	-
जम्मा पूँजी	३१,३१३.८२	३३,३५१.५७	३३,०६०.३६	३६,४७९.४३
जम्मा दायित्व र पूँजी	२१२,७०६.६२	२६२,८३६.५२	३२८,९८३.३४	४६८,६४६.३८

नाफा-नोक्सान हिसाव *(रु.लाखमा)*

विवरण	आ.व. २०७४/०७५	आ.व. २०७५/०७६	आ.व. २०७६/०७७	२०७७ चैत्र मसान्त (अपरिष्कृत)
ब्याज आम्दानी	१९,९९३.११	२५,८५८.४८	३१,३५०.५१	२४,९४५.१६
ब्याज खर्च	(११,८४६.९४)	(१५,९२२.३९)	(२०,८४७.५३)	(१६,४५५.८८)
खुद ब्याज आम्दानी	८,१४६.१७	९,९३६.०९	१०,५०२.९९	८,४८९.२८
शुल्क तथा कमिशन आम्दानी	१,३७०.५०	१,८२८.२६	१,६६७.८६	१,८३२.२९
शुल्क तथा कमिशन खर्च	-	-	३५.६३	४५.४२
खुद शुल्क र कमिशन आम्दानी	१,३७०.५०	१,८२८.२६	१,६३२.२३	१,७८६.८७
खुद ब्याज, शुल्क र कमिशन आम्दानी	९,५१६.६७	११,७६४.३६	१२,१३५.२२	१०,२७६.१५
खुद व्यापारिक आम्दानी				
अन्य सञ्चालन आम्दानी	७.५७	७.०९	७५.३१	२,३१८.३४
जम्मा सञ्चालन आम्दानी	९,५२४.२४	११,७७१.४५	१२,२१०.५३	१२,५९४.४९
कर्जामा सम्भावित क्षती व्यवस्था/(फिर्ता) तथा अन्य नोक्सानीहरु	१,१९४.७३	९१.७०	२,५९४.८१	१,७३९.४०
खुद सञ्चालन आम्दानी	८,३२९.५२	११,६७९.७५	९,६१५.७२	१०,८५५.०९
सञ्चालन खर्च				
कर्मचारी खर्च	२,११२.९३	३,५८६.६३	३,६६७.८९	३,४६०.१८
अन्य सञ्चालन खर्च	१,४३३.४५	२,५३५.३३	२,४९७.२१	२,०९८.५१
ह्रासकट्टी र परिशोधन	३६२.०६	६५०.११	७७३.३७	५९६.०२
सञ्चालन मुनाफा	४,४२१.०८	४,९०७.६८	२,६७७.२५	४,७००.३८
गैर सञ्चालन आम्दानी	०.७२	०.९९	१८.८३	-
गैर सञ्चालन खर्च	-	(१७.८६)	(१२.९८)	-
आयकर अघिको मुनाफा	४,४२१.८०	४,८९०.८२	२,६८३.१०	४,७००.३८
आयकर खर्च	१,३६९.९०	१,४७२.६३	७७२.१२	११८३.६३
चालु कर खर्च	१,३०१.४२	१,७३९.३८	७९६.३६	११८३.६३
स्थगन कर खर्च	६८.४८	(२६६.७६)	(२४.२४)	-
यस अवधिको मुनाफा	३,०५१.९०	३,४१८.१९	१,९१०.९८	३,५१६.७५
नाफा बाँडफाँड				
बैंकको शेयर धनी	३,०५१.९०	३,४१८.१९	१,९१०.९८	३,५२५.१३
गैर नियन्त्रित स्वार्थ				
यस अवधिको मुनाफा	३,०५१.९०	३,४१८.१९	१,९१०.९८	३,५२५.१३
प्रति शेयर आम्दानी (रु.)				
Basic प्रति शेयर आम्दानी (रु.)	१२.१८	१३.११	७.३३	१७.९९
Diluted प्रति शेयर आम्दानी (रु.)	१२.१८	१३.११	७.३३	१७.९९

आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु : बैंकको आगामी ३ वर्षको लागि प्रक्षेपित वित्तीय विवरण देहाय बमोजिम रहेको छ ।

प्रक्षेपित वासलात *(रु.लाखमा)*

सम्पत्ति	आ.व. २०७७/०७८	आ.व. २०७८/०७९	आ.व. २०७९/०८०
नगद तथा नगद समान	२७,५४३.८६	३५,१५९.४०	४९,९५८.०३
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनुपर्ने रकम	१८,८३१.०९	२४,८५७.०४	३१,०७१.३०
बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात तथा लगानी	५८.९१	६१.८५	६४.९४
व्युत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण	-	-	-
अन्य व्यापारीक सम्पत्तिहरु	-	-	-
बैंक तथा वित्तीय संस्थालाई प्रवाह गरेको कर्जा तथा सापटी	१२१०४.२५	१२,७०९.४६	१३,३४४.९३
ग्राहकहरुलाई प्रवाह गरेको कर्जा तथा सापटी	३२१,५४९.८४	४०१,९३७.२९	४८२,३२४.७५
धितोपत्रमा गरेको लगानी	५०,७६९.८९	५५,८४६.८८	६१,४३१.५७
चालु कर सम्पत्ति	-	-	-
सहायक कम्पनीमा लगानी	-	-	-
सम्बद्ध कम्पनीमा लगानी	-	-	-
सम्पत्तिमा लगानी	-	-	-
सम्पत्ति र उपकरण	४,५४१.८६	४,९९६.०४	५,४९५.६५
गुडवील (ख्याती) र अमुर्त सम्पत्ति	५४.३१	५७.०३	५९.८८
स्थगन कर सम्पत्ति	-	-	-
अन्य सम्पत्ति	१,१९६.३५	१,३१५.९९	१,४४७.५९
कूल सम्पत्ति	४३६,६५०.३५	५३६,९४०.९८	६४५,१९८.६४
दायित्व र पूँजी	**आ.व. २०७७/०७८**	**आ.व. २०७८/०७९**	**आ.व. २०७९/०८०**
बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी कर्जा/सापटी	१२,३२८.०४	१३,५६०.८४	१४,९१६.९२
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम	२५.००	२५.००	२५.००
व्युत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण	-	-	-
ग्राहकको निक्षेप दायित्व	३७८,९७७.१५	४६९,३३६.५५	५६७,८९७.२२
सापटी	-	-	-
चालु कर दायित्व	-	-	-
व्यवस्था रकमहरु	-	-	-
स्थगन कर दायित्व	-	-	-
अन्य दायित्वहरु	३,९५०.०७	४,५४२.५८	५,२२३.९६
जारी गरिएको ऋणपत्र	७५००.००	७५००.००	७५००.००
असुरक्षित सहायक आवधिक दायित्व	-	-	-
कूल दायित्व	४००,७८०.२५	४९४,९६४.९७	५९५,५६३.११
पूँजी			-
शेयर पूँजी	२७,३६९.७२	३०,१०६.७०	३३,३९१.०६
शेयर प्रिमियम	-	-	-
सञ्चित मुनाफा	१,५९१.६६	२,६१६.४३	४,३२८.३०
जगेडा	६,९०८.७२	९,२५२.८८	११,९१६.१७
शेयरधनीहरुलाई बाँडफाँड योग्य कूल इक्विटी	३५,८७०.१०	४१,९७६.०१	४९,६३५.५३
जम्मा पूँजी	३५,८७०.१०	४१,९७६.०१	४९,६३५.५३
जम्मा दायित्व र पूँजी	४३६,६५०.३५	५३६,९४०.९८	६४५,१९८.६४

प्रक्षेपित नाफा नोक्सान *(रु.लाखमा)*

विवरण	आ.व. २०७७/०७८	आ.व. २०७८/०७९	आ.व. २०७९/०८०
ब्याज आम्दानी	३३,७७६.१२	४५,०८१.१४	५३,८५४.१५
ब्याज खर्च	२२,४३०.७८	२८,८०३.५३	३४,२४४.९१
खुद ब्याज आम्दानी	११,३४५.३३	१६,२७७.६१	१९,६०९.२४
शुल्क तथा कमिशन आम्दानी	१,९०७.६४	२,१९३.७९	२,५२२.८५
शुल्क तथा कमिशन खर्च	-	-	-
खुद शुल्क र कमिशन आम्दानी	१,९०७.६४	२,१९३.७९	२,५२२.८५
खुद ब्याज, शुल्क र कमिशन आम्दानी	१३,२५२.९७	१८,४७१.३९	२२,१३२.०९
खुद व्यापारिक आम्दानी	-	-	-
अन्य सञ्चालन आम्दानी	१,६८७.१७	१,९४०.२५	२,२३१.२८
जम्मा सञ्चालन आम्दानी	१४,९४०.१४	२०,४११.६४	२४,३६३.३७
कर्जामा सम्भावित क्षती व्यवस्था/(फिर्ता) तथा अन्य नोक्सानीहरु	९४६.६५	१,०८४.६९	९७६.५६
खुद सञ्चालन आम्दानी	१३,९९३.५०	१९,३२६.९५	२३,३८६.८१
सञ्चालन खर्च			
कर्मचारी खर्च	४,४८८.८९	५,६४८.६५	६,८०७.१९
अन्य सञ्चालन खर्च	२,६५६.३३	३,१८७.६०	३,८२५.१२
ह्रासकट्टी र परिशोधन	८५०.७७	९३५.८५	१,०२९.४४
सञ्चालन मुनाफा	५,९९७.५०	९,५५४.८५	११,७२५.०६
गैर सञ्चालन आम्दानी	-	-	-
गैर सञ्चालन खर्च	-	-	-
आयकर अघिको मुनाफा	५,९९७.५०	९,५५४.८५	११,७२५.०६
आयकर खर्च	१,७९९.२५	२,८६६.४५	३,५१७.५२
चालु कर खर्च	१,७९९.२५	२,८६६.४५	३,५१७.५२
स्थगन कर खर्च	-	-	-
यस अवधिको मुनाफा	४,१९८.२५	६,६८८.३९	८,२०७.५४
शेयर संख्या	२७३.७०	३०१.०७	३३३.९१
प्रति शेयर आम्दानी (रु.)	१५.३४	२२.२२	२४.५८

वित्तीय प्रक्षेपणका आधारहरु:

विवरण	आ.व. २०७७/०७८	आ.व. २०७८/०७९	आ.व. २०७९/०८०
निक्षेप बृद्धिदर	३३.०८%	२४.०४%	२०.६९%
कर्जा तथा सापट बृद्धिदर	३९.६१%	२४.२७%	१९.५४%
कर्जा निक्षेप अनुपात (CCD Ratio)	७८.३१%	७८.७९%	७८.१०%
संचालन खर्च बृद्धिदर	१३.४१%	२२.२१%	१९.३४%
आयकर दर प्रतिशत	३०.००%	३०.००%	३०.००%
निक्षेपको लागत दर	६.५३%	६.४५%	६.३०%
औषत ब्याज आम्दानी दर	११.५१%	११.३५%	११.२०%
निष्कृय कर्जा प्रतिशत	१.००%	०.९५%	०.८५%
अनिवार्य नगद मौज्दात (CRR)	४.८४%	५.१५%	५.३३%
बैधानीक तरलता अनुपात (SLR)	१३.००%	१३.००%	१३.००%
पूँजीकोष अनुपात (CAR)	१३.८६%	१२.७६%	१२.४५%

संगठित संस्थाको संचालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा संचालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) प्रति शेयर नेटवर्थ तथा नेटवर्थमा औसत प्रतिफल निम्नानसार छ ।

विवरण	वास्तविक			प्रक्षेपित		
	आ.व. ०७४/०७५	आ.व. ०७५/०७६	आ.व. ०७६/०७७	आ.व. ०७७/०७८	आ.व. ०७८/०७९	आ.व. ०७९/०८०
प्रति शेयर नेटवर्थ (रु.)	११३.४८	१२७.९५	१२६.८३	१३१.०६	१३९.४२	१४८.६५
प्रति शेयर आम्दानी (रु.)	१२.१८	१३.११	७.३३	१५.३४	२२.२२	२४.५८
संचित नाफा नोक्सान (रु. हजारमा)	२१३,९२१.१५	२३३,५३७.३०	१५३,४९३.२५	१५९,१६५.५४	२६१,६४३.४७	४३२,८२९.६७

विगत ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफल :

विवरण	वास्तविक (रु. लाखमा)			प्रक्षेपित (रु. लाखमा)		
	आ.व. ०७४/०७५	आ.व. ०७५/०७६	आ.व. ०७६/०७७	आ.व. ०७७/०७८	आ.व. ०७८/०७९	आ.व. ०७९/०८०
चुक्ता पूँजी	२५,०६३.८५	२६,०६६.४०	२६,०६६.४०	२७,३६९.७२	३०,१०६.७०	३३,३९१.०६
शेयर प्रिमियम	२६६.४८	-	-	-	-	-
संचित मुनाफा	२,१३९.२१	२,३३५.३७	१,५३४.९३	१,५९१.६६	२,६१६.४३	४,३२८.३०
जगेडा तथा कोषहरु	३,८४४.२८	४,९४९.७९	५,४५९.०३	६,९०८.७२	९,२५२.८८	११,९१६.१७
कूल	३१,३१३.८२	३३,३५१.५७	३३,०६०.३६	३५,८७०.१०	४१,९७६.०१	४९,६३५.५३
घटाउने : अपलेखन गर्न बाँकी खर्च	-	-	-	-	-	-
कूल नेटवर्थ	३१,३१३.८२	३३,३५१.५७	३३,०६०.३६	३५,८७०.१०	४१,९७६.०१	४९,६३५.५३
शेयर संख्या	२५०.६४	२६०.६६	२६०.६६	२७३.७०	३०१.०७	३३३.९१
प्रति शेयर नेटवर्थ (रु.)	११३.४८	१२७.९५	१२६.८३	१३१.०६	१३९.४२	१४८.६५
प्रति शेयर आम्दानी	१२.१८	१३.११	७.३३	१५.३४	२२.२२	२४.५८
नेटवर्थमा औसत प्रतिफल	९.७५%	१०.२५%	५.७८%	११.७०%	१५.९३%	१६.५४%
ऋणपत्र जारी पश्चात् यसले नेटवर्थमा प्रत्यक्ष वृद्धि नगर्ने						

माथि उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको विगतका वर्षहरुको कारोबारको वृद्धि, भावी योजनाहरु एवम् शाखा संजाल विस्तार गर्ने रणनीति, हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विशेषज्ञ श्री वि.एस.एण्ड एसोसियट्सका का चार्टड एकाउन्टेन्ट सिए दिपक शिवाकोटी ज्यु रहनु भएको छ। बैंकले कर्जा निक्षेप अनुपात, संचालन खर्च बृद्धिदर, निश्क्रिय कर्जा प्रतिशत ,अनिवार्य नगद मौज्दात, बैधानीक तरलता अनुपात तथा पूँजीकोष अनुपातका साथै नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड अनुरुप कायम गरी वित्तीय विवरणको प्रक्षेपण गरेको हो।

१२. अन्तर्निहित जोखिम तथा सोको व्यवस्थापनका लागि व्यवस्थापनको धारणा:

संगठित संस्थाले बहन गरेको वा गर्ने जोखिम स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने। यस सन्दर्भमा जोखिमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/आयोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी वर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखिमको विश्लेषण गर्नुपर्ने।

(क) वित्तीय साधनको अभावबाट हुने जोखिमः
१. निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु।
२. नेपालको बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु।

(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम : लागू नहुने।

(ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :
१. नयाँ बैंक तथा वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु।
२. देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु।

(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (cost overrun) को जोखिम : लागू नहुने।

(ङ) विदेशी विनिमयको जोखिम : देशको बैदेशिक व्यापार नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घटबढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु।

(च) कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने सो बाट पर्न सक्ने अवरोधहरु : लागू नहुने।

(छ) क्षेत्रीयकरण र विश्वब्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम : अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु।

(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वब्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखिमः
१. नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुनसक्ने जोखिमहरु।
२. देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु।

(झ) संचालन इतिहासको अभाव : यस बैंकको संचालन इतिहास १६ वर्षको रहेकोछ।

(ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम : नयाँ प्रविधिको विकास सँगै बैंकले प्रयोग गर्ने इन्टरनेटमा आधारित बैंकिङ्ग/वित्तीय लगायतका प्रविधिमा हुने खराबीले पर्न सक्ने संचालन तथा साख सम्बन्धी जोखिम।

(ट) अन्य :
१. बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम।
२. पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्बन गर्दै जानेछ ।
बैंकको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि बैंकले कर्जा तथा लगानीको लागि जोखिम ब्यहोर्ने कोषको व्यवस्था गरेको छ। बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यावसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध रहेको छ। त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने बैंकको नीति रहेको छ।

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम :
रु.१०००/– प्रति ऋणपत्रको दरले निष्काशन गरिएको मूल्यले सूचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने भएकोले ऋणपत्र मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

१३. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :

(क) यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको "सांग्रिला डेभलपमेन्ट बैंक डिवेन्चर २०८७" निष्काशन गर्ने शर्तहरु देहाय बमोजिम रहेकोछ :

(अ) **ऋणपत्र निष्काशनको शर्त बन्देजहरुः** ऋणपत्र निष्काशन सम्बन्धी शर्त र बन्देजहरु यस विवरणपत्रको दफा ग.१०.छ मा उल्लेख गरिएको छ।

(आ) **ऋणपत्रको अवधि (Maturity Period) :** यस ऋणपत्रको अवधि ऋणपत्र बाँडफाँट भएको दिनबाट १० (दश) वर्षको हुनेछ सो अवधि पश्चात कम्पनीले यस ऋणपत्रको साँवा र अन्तिम किस्ताको तिर्न बाँकी ब्याज रकम एकमुष्ठ भुक्तानी गर्नेछ।

(इ) **निष्काशन गरिने ऋणपत्रको रकम :** प्रति ऋणपत्र रु.१,०००/– अंकित मूल्यका ७ लाख ५० कित्ता ऋणपत्रले हुन आउने कूल रु.७५ करोड ऋण पूँजी रकम मध्ये रु.३० करोड ऋणपूँजी रकम बराबर प्रति ऋणपत्र रु.१,०००/– अंकित मूल्यका ३ लाख कित्ता ऋणपत्र (सो मध्ये ५% अर्थात १५,००० कित्ता ऋणपत्र सामुहिक लगानी कोषका लागि छुट्याएको समेत) सर्वसाधारण नेपालीको लागि सार्वजनिक निष्काशन तथा रु.४५ करोड ऋणपूँजी रकम बराबर प्रति ऋणपत्र रु.१,०००/- अंकित मूल्यका ४ लाख पचास हजार कित्ता ऋणपत्र विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिनेछ।

(ई) **ऋणपत्र साधारण शेयरमा परिणत हुने वा नहुने :** यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र १० (दश) वर्षको अवधि पश्चात एकमुष्ठ रुपमा भुक्तानी गरिने भएकोले उक्त ऋणपत्र साधारण शेयरमा परिणत नहुने।

(उ) **ऋणपत्रको ब्याजदर ९ऋयगउयल क्ष्लतभचभकत च्वतभ० र ब्याज भुक्तानी गर्ने अवधि/समय (Interest Payment Period):** यस ऋणपत्रको वार्षिक ब्याजदर ९% हुनेछ। यस ऋणपत्रमा आर्जित ब्याज रकममा आयकर ऐन अनुसार कर लाग्नेछ। यस ऋणपत्रमा आर्जित ब्याज रकम प्रत्येक आर्थिक वर्षको प्रथम अर्ध-वार्षिक (पौष मसान्त) र दोस्रो अर्ध-वार्षिक (आषाढ मसान्त) समाप्त भए पश्चात भुक्तानी दिइनेछ। ब्याज रकम भुक्तानी दिँदा प्रथम अर्धवार्षिक (पौष मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित ब्याज रकम हरेक वर्षको माघ १ गतेदेखि र द्वितीय अर्ध-वार्षिक (आषाढ मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित ब्याज रकम हरेक वर्षको श्रावण १ गतेदेखि ऋणपत्र रहेको हितग्राही खातामा लिंक रहेको बैंक खातामा सोझै भुक्तानी गरिनेछ। कुनै कारणबश भुक्तानी नभएमा निष्काशन कम्पनीको कुनैपनी शाखामा सम्पर्क गरी आफ्नो ब्याज भुक्तानी लिन सक्नुहुनेछ।

(ऊ) **ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) सम्बन्धित व्यवस्थाः** यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्रलाई निर्धारित १० (दश) वर्ष समयावधिमा फिर्ता भुक्तानी गर्नका लागि कम्पनीले ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) को व्यवस्था गर्नेछ। ऋणपत्रको अवधिमा कम्पनीको नाफा नोक्सान बाँडफाँड हिसाब खाता (Profit & Loss Appropriation A/c) बाट ऋणपत्र निष्काशन भएको पहिलो वर्ष र अन्तिम वर्ष छाडी ८ (आठ) वर्ष सम्म वार्षिक समानुपातिक (Proportionate) आधारमा हुने रकम ऋणपत्र भुक्तानी जगेडा कोषमा रकमान्तरण गरिनेछ। कम्पनीले कुनै आर्थिक वर्षमा मुनाफा आर्जन गर्न नसकेको खण्डमा समेत सो वर्षमा ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) मा रकमान्तरण गर्नु पर्ने रकम रु ९३,७५०,०००/- अक्षरुपी नौ करोड सैतिस लाख पचास हजार रकमान्तरण गरिनेछ। यदि कम्पनीको कुनै आर्थिक वर्षमा मुनाफा नभएमा अघिल्लो वर्षहरुको संचित मुनाफाबाट ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) मा रकमान्तरण गर्नु पर्ने रकम रकमान्तरण गरिनेछ।

(ए) **ऋणपत्रवालाको अधिकार :** यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिद गर्ने ऋणपत्रधनीहरुलाई कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम ऋणपत्रधनीलाई प्राप्त हुने सम्पूर्ण हक सुविधा प्राप्त हुनेछ। तर त्यस्तो ऋणपत्रधनीहरुलाई कम्पनीको साधारण सभामा भाग लिन र मतदात गर्ने अधिकार हुने छैन। कथंकदाचित बैंक टाटपल्टेमा यस विवरणपत्र मार्फत निष्काशित ऋणपत्रको भुक्तानी निक्षेपकर्ताहरु भन्दा पछाडी मात्र हुनेछ।

(ख) **संगठित संस्थाको सम्पत्तिमा ऋणपत्रवालाको हक सम्बन्धी विवरण :** यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र बैंकको सम्पत्ति सुरक्षण नराखी निष्काशन गरिएको असुरक्षित ऋण (Unsecured Debt) भएको र कथंकदाचित बैंक टाटपल्टिएमा अन्य सुरक्षित साहु र निक्षेपकर्ता भन्दा पछि मात्र भुक्तानीमा प्राथमिकता हुने गरी निष्काशन गरिएको सहायक ऋण (Subordinate Debt) भएको हुँदा प्रचलित कानूनले प्रदान गरेको बाहेक कम्पनीको सम्पत्तिमा ऋणपत्रधनीको कुनै निर्दिष्ट हक (Specific Charge) अधिकार हुने छैन। यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्रधनीको बैंकको सम्पत्तिमा द्वितीय हक हुनेछ। बैंकको सम्पत्तिमा निक्षेपकर्ताको प्रथम हक लाग्नेछ। बैंकको सम्पत्ति मध्ये प्रथम हकवालाको रकम मंसिर मसान्त २०७७ मा रु. ३४.६४ अर्ब रहेको छ।

(ग) **ट्रष्टीको नाम, ठेगाना तथा ट्रष्टी र कम्पनी बीच भएको सम्झौता (Trustee Deed) को प्रमुख बुँदाहरुः**
ऋणपत्र निष्काशन गर्दा ट्रष्टी नियुक्त गर्नु पर्ने व्यवस्था अनुरुप निम्नानुसार ऋणपत्र ट्रष्टीको व्यवस्था गरिएको छ।

(अ) **ट्रष्टीको नाम तथा ठेगाना :**
ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त श्री एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं रहेको छ।

(आ) **ऋणपत्र ट्रष्टी भए बापत लिने सेवा शुल्क :**
यस विवरणपत्र मार्फत सर्वसाधारणमा तथा व्यक्तितग तवरबाट विभिन्न व्यक्ति वा संघ संस्थालाई बिक्री गरिने ऋणपत्रको ट्रष्टीको रुपमा नियुक्त श्री एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौंलाई उक्त सेवा प्रदान गरे बापत वार्षिक रु.१५,०००/– (अक्षेरुपी पन्ध्र हजार रुपैंया मात्र) ट्रष्टी सेवा उपलब्ध गराएको समयावधिका लागि सेवा शुल्कको रुपमा भुक्तानी दिइनेछ।

(इ) **ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले तोकेको व्यक्तिको नाम तथा पद योग्यता तथा अनुभव :**
ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले उक्त कम्पनीको श्री सचिन्द्र ढुंगानालाई सम्पर्क व्यक्तिको रुपमा तोकेको छ। निजले चार्टड एकान्टेन्ट शैक्षिक योग्यता हासिल गरी करिब ११ वर्ष भन्दा बढी वित्तीय तथा मर्चेण्ट बैंकिङ्ग क्षेत्रको कार्य अनुभव हासिल गर्नु भएको छ।

(इ) **ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र समाधान गर्ने सम्बन्धमा गरेको व्यवस्था :**
ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र सो को समाधान गर्ने सम्बन्धमा तोकिएको सम्पर्क व्यक्ति मार्फत वा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको कार्यालय मार्फत आवश्यक व्यवस्था गरेको छ। साथै गुनासाहरु लिखित रुपमा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा जम्मा गराउनु पर्नेछ। लगानीकर्ताहरुले देहाएको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाब प्रेषित गर्न सक्ने छन्:
गुनासो सुन्ने अधिकारीको नामः सचिन्द ढुंगाना । इमेलः Sachindra@niblcapital.com । फोन नं.०१-४४२५२८० एक्सटेन्सन ४२२

(उ) **ऋणपत्र निष्काशन गर्ने बैंक र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ बमोजिम सम्झौता भएको कुरा :**
ऋणपत्र निष्काशन गर्ने कम्पनी र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुरुप मिति २०७७/०९/१३ मा सम्झौता गरिएको छ।

(ऊ) **ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि व्यवस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप भएको कुरा :**
ऋणपत्रट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि व्यवस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप गरिएको छ।

(ए) **ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको कुरा :**
ऋणपत्र ट्रष्टी र कम्पनी बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको छ।

(ऐ) **ऋणपत्र ट्रष्टी र बैंकबीच भएको सम्झौता तथा अन्य आवश्यक व्यवस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा सो उपलब्ध गराउने सम्बन्धमा गरिएको व्यवस्था :**
ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौता तथा अन्य आवश्यक व्यवस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा ऋणपत्र ट्रष्टी वा कम्पनीको रजिष्ट्रर्ड कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी हेर्न वा जान्न सकिने व्यवस्था गरिएको छ।

(ओ) **अन्य :**
- ऋणपत्र ट्रष्टीले ऋणपत्रवालाहरुको हित संरक्षण गर्ने।
- कम्पनीले ऋणपत्र ट्रष्टीलाई आफ्नो वित्तीय कारोबारको परिष्कृत आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र अनिवार्य रुपमा पठाउनु पर्ने।
- ऋणपत्र ट्रष्टीले कम्पनीले स्थापना गरेको ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) को अनुगमन गर्ने।
- कम्पनीले पुनः अर्को ऋणपत्र निष्काशन गर्नु परेमा ऋणपत्र ट्रष्टीको पूर्व स्वीकृति लिनुपर्ने।

(घ) **परिवर्तनशील ऋणपत्र जारी गरिने भएमा ऋणपत्रको परिवर्तन अनुपात, मूल्य, प्रिमियम तथा परिवर्तन मिति, मताधिकारको व्यवस्था :** सो नभएको।

(ङ) **ऋणपत्र जारी गर्नुको उद्देश्य तथा सम्पन्न हुने कार्य योजनाः**
- कम्पनीले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न।
- कम्पनीको पुरक पूँजीकोष (Supplimentary Capital) बृद्धि गर्न।
- प्रबन्धपत्रमा उल्लेख गरिएका उद्देश्य अनुरुप गर्नुपर्ने कार्यहरुका लागि आवश्यक पर्ने पूँजी जुटाउन।

(च) **जारी पूँजी चुक्ता भएको/नभएको :** कम्पनीको जारी पूँजी सम्पूर्ण चुक्ता भैसकेको।

(छ) **यस भन्दा अगाडी जारी भएको ऋणपत्रको विवरण :** सो नभएको।

(ज) **अन्य :**
- यो ऋणपत्र सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड बाहेक अन्य बैंक वा वित्तीय संस्थामा धितो राखी ऋण लिन सकिनेछ।
- ऋणपत्रको ब्याज भुक्तानी गर्ने स्थानः बैंकले यस ऋणपत्रबाट आर्जित ब्याज रकम ऋणपत्र बालाहरुको डिम्याट खातामा उल्लेख गरेको बैंक खातामा वा ऋणपत्रवालाले तोकिएको खातामा भुक्तानी गर्नेछ।
- निष्काशित ऋणपत्र खरिद गर्ने ऋणपत्र बाहकलाई कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम प्राप्तहुने सम्पूर्ण हक, सुविधा प्राप्त हुनेछ। तर साधारण सभामा उपस्थित हुने तथा मतदान गर्ने अधिकार भने रहने छैन।
- यस ऋणपत्रलाई साधारण शेयरमा परिवर्तन गर्ने वा Cumulate गर्ने विशेषता नरहेको।
- निष्काशित जम्मा रु.७५,०००,०००/- (रु. पचहत्तर करोड मात्र) ऋणपत्र मध्ये रु.४५,०००,००० /- (रु. पैतालिस करोड मात्र) बराबरको ऋणपत्र व्यक्तिगत तवरबाट र रु.३०,०००,०००/- (रु. तीस करोड मात्र) बराबरको ऋणपत्र सर्वसाधारणमा निष्काशन गरिनेछ। एउटा समूहको ऋणपत्रको लागि निष्काशन अवधि भित्र पूर्ण रुपमा माग नआएको खण्डमा सो समूहको ऋणपत्र अर्को समूहमा हस्तान्तरण हुने प्रावधान रहेको छ।
- कथंकदाचित बैंक टाटपल्टेमा यस विवरण-पत्र मार्फत् निष्काशित ऋणपत्रको भुक्तानी निक्षेपकर्ताहरु भन्दा पछाडि मात्र हुनेछ।

१४. धितोपत्र निष्काशन सम्बन्धी विवरण :

(क) धितोपत्र जारी गर्नुको उद्देश्य :
अ) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने काम कारोबारका लागि आवश्यक पर्ने पूँजी जुटाउन ।
आ) बैंकको पूँजीकोष बृद्धि गर्न ।
धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोगः
(क) निष्काशनबाट प्राप्त हुने कुल रकमलाई प्रयोग गर्ने क्षेत्र सम्बन्धी विवरणः
ऋणपत्र निष्काशन गरी प्राप्त हुने पूँजी कम्पनी ऐन, नेपाल राष्ट्र बैंक ऐन तथा अन्य प्रचलित कानूनको अधिनमा रही बैंकको ब्यबसायिक प्रयोजनमा उपयोग गरिनेछ। ऋणपत्र जारी गरी प्राप्त हुने ऋण पूँजीको उपयोग सम्बन्धमा देहाय अनुसार उल्लेख गरिएको छ।

क्र.सं.	विवरण	प्रतिशत	रकम रु.
१	कर्जा तथा सापट	८०%	६००,०००,०००
२	तरलता तथा व्यवसाय विस्तार	२०%	१५०,०००,०००
	जम्मा	१००%	७५०,०००,०००

१५. धितोपत्रको बाँडफाँड,फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

(१) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :** स्वीकृत विवरणपत्र मार्फत जारी गरिएको ऋणपत्र संख्या भन्दा बढी संख्यामा ऋणपत्र खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार ऋणपत्र बाँडफाँट गरिनेछ र ऋणपत्र बाँडफाँट सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ।यदि कुनै पक्षले (व्यक्तिगत तवर/सर्वसाधारण) सो पक्षलाई छुट्याएको ऋणपत्र खरिद नगरेमा सो ऋणपत्र अर्को पक्षलाई (व्यक्तिगत तवर/सर्वसाधारण) खरिद गर्ने व्यवस्था गरिनेछ।

(२) **अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :** स्वीकृत विवरणपत्र मार्फत जारी गरिने ऋणपत्रको लागि "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" अनुरुप आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट मात्र आवेदन दिन सकिनेछ र आवेदकहरुको बाँडफाँटमा नपरेको ऋणपत्र बापत रकम सम्बन्धित बैंक तथा वित्तीय संस्थाले आवेदकले आवेदन गर्दाको बखत रोक्का राखेको खाताको रकम मात्र फुकुवा गरि फिर्ता भुक्तानी गरिनेछ।

(३) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :** CASBA मार्फत ऋणपत्रमा आवेदन दिने आवेदकहरु बाहेक अन्य माध्यम मार्फत ऋणपत्रमा आवेदन गर्ने प्रत्येक आवेदकलाई निजले आवेदन गरेको मिति देखि बाडँफाडँ हुने दिन सम्मको अवधिका लागि प्रचलित बजारको दरले खण्डित अवधिको ब्याज प्रदान गरिनेछ।

(४) **धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि :** निष्काशन गरिने ऋणपत्र प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ सम्बन्धी व्यवस्था अनुसार ऋणपत्रको बाँडफाँट गरी सूचिकरण भए पश्चात सम्बन्धित ऋणपत्रधनीको हितग्राही (Demat) खातामा जम्मा गरिनेछ।

(५) **धितोपत्र सुचिकरण भैसकेको भए, त्यस्तो धितोपत्र सुचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पुरा गर्नु पर्ने शर्तहरु सम्बन्धी विवरण :** बैंकको हाल कायम रहेको शेयर नेपाल स्टक एक्सचेन्जमा सूचिकरण रहेको। स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र बाँडफाँट पश्चात सूचिकरण गरिने छ।

(६) **धितोपत्र सुचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :** स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ सम्बन्धी व्यवस्था अनुसार ऋणपत्रको बाँडफाँट गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचलित व्यबस्था अनुसार सूचिकरण तथा दर्ता गराई ऋणपत्रको खरिद बिक्री तथा राफसाफको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

१६. आवेदन दिँदा ध्यान दिनुपर्ने कुराहरु :

सर्वसाधारणको हकमा :

क. कुनै पनि सर्वसाधारण नेपाली नागरिकका साथै नेपाली संघ संस्था वा कम्पनीले स्वीकृत विवरणपत्र मार्फत जारी गरिने ऋणपत्र खरिदका लागि दरखास्त दिन सक्नेछन्। निष्काशित सम्पूर्ण ऋणपत्रका लागि ४ (चार) कार्य दिन सममा सर्वसाधारण नेपाली नागरिकबाट आवेदन प्राप्त नभएको खण्डमा मात्र नेपाली संघसंस्था वा कम्पनीले आवेदन दिन पाउनेछ।
ख. दरखास्त दिंदा नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्था मार्फत आवेदन फाराम बुझाउनु पर्नेछ र सोही संस्थाबाट उपलब्ध गराईने आवेदन फाराममा उल्लेखित सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ। सो सम्बन्धी अन्य प्रकृया तथा शुल्क सम्बन्धी व्यवस्था सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाले आफ्नो कार्यालयको सूचनापाटी, वेबसाइट वा राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकामा प्रकाशित गरी तोके बमोजिम हुनेछ।
ग. आवेदकले आवेदन दिंदा आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थामा रहेको आवेदन बापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय रहेको हुनु हुँदैन।
घ. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको ऋणपत्रको लागि एक भन्दा बढी दरखास्त दिन पाउने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी दरखास्त प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ।
ङ. रीतपूर्वक प्राप्त नभएको आवेदनलाई ऋणपत्र बाँडफाँटमा समावेश गरिने छैन र सो को जिम्मेवार आवेदक/सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्था स्वयं हुनेछ।
च. ऋणपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिई सकेपछि खरिद गरेको ऋणपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो आवेदन फारामलाई रद्द गरी सो को जानकारी सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थालाई गराउनेछ।
छ. रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ। यस अतिरिक्त रु.५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ।

व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिन ऋणपत्र खरिद गर्न चाहने आवेदकहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :

१. कुनै पनि नेपाली संघ संस्थाले स्वीकृत विवरणपत्र अनुसार जारी गरिने ऋणपत्र खरिद गर्न आवेदन दिन सक्नेछन्। आवेदकले आफूले लिन चाहेको ऋणपत्र, अधिकतम सीमा खुल्ने गरी यसै बैंकको बिक्री प्रबन्धकलाई लिखित रुपमा निवेदन पेश गर्नुपर्नेछ।
२. आवेदन दिंदा आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्या र त्यसको रकम खुलाई आवेदन दिनुपर्नेछ।
३. आवेदन फाराम नेपाली तथा अंग्रेजी दुवै भाषामा पेश गर्नुपर्नेछ।
४. आवेदकले आवेदनसाथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र रु.१,०००/– को दरले हुन आउने रकम बराबरको एनआईबिएल एस क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्ट पेयी बैंक चेक संलग्न भएको हुनुपर्नेछ। यसरी चेक मार्फत रकम बुझाउनु हुने आवेदकहरुले आवेदनमा सो चेकको नम्बर र चेकको पछाडि आवेदकको नाम अनिवार्य रुपमा खुलाउनु पर्नेछ। यसको अलावा, निवेदकले एनआईबिएल एस क्यापिटल लिमिटेडको नाममा A/C Transfer गरी Credit Advice निवेदनको साथमा संलग्न गरेर पनि आवेदन दिन सकिनेछ।
५. कम्पनी वा संस्थाले ऋणपत्रका लागि आवेदन दिंदा कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि र लगानी गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय समावेश गरेको हुनुपर्नेछ।
६. रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ। यस अतिरिक्त रु.५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ।

१७. विवरणपत्र पाइने तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थानहरु

क्र.सं	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौं र वेबसाइट : www.niblcapital.com
२.	सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड, बालुवाटार, काठमाडौं तथा यसको सम्पूर्ण शाखा कार्यालयहरु र वेबसाइट : www.shangrilabank.com
क्र.सं	**सर्वसाधारण आवेदनकर्ताहरुले दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थानहरु :**
१.	नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु तथा तिनका तोकिएका शाखा कार्यालयहरु।

व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने हकमा बिक्री प्रवन्धकले बैंकसँगको सहमतीमा खरिदकर्ताहरु खोजी गरि आपसि सहमतीमा वितरण गरिने छ।

१८. धितोपत्र बिक्री खुल्ला अवधि :

स्वीकृत विवरणपत्रद्वारा सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणहरुमा जारी गरिने ऋणपत्रहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तिमा ४ कार्य दिन र बढिमा १५ दिन सम्म खुल्ला रहने छ। व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने हकमा धितोपत्र बोर्डबाट स्वीकृति पश्चात खुल्ला हुनेछ र सार्वजनिक निष्काशन सँगै बन्द हुनेछ।

१९. निष्काशन बैंक (Bankers to the Issue):

स्वीकृत विवरणपत्र मार्फत निष्काशित ऋणपत्रहरुको लागि निष्काशन बैंक (Banker to the Issue) को रुपमा नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड लाजिम्पाट, काठमाडौंलाई तोकिएको छ।

२०. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया

ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र सो को समाधान गर्ने सम्बन्धमा तोकिएको सम्पर्क व्यक्ति मार्फत वा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको कार्यालय मार्फत आवश्यक व्यवस्था गरेको छ। साथै गुनासाहरु लिखित रुपमा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा जम्मा गराउनु पर्नेछ। लगानीकर्ताहरुले देहाएको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाब प्रेषित गर्न सक्ने छन्:
गुनासो सुन्ने अधिकारीको नामः सचिन्द ढुंगाना । इमेलः Sachindra@niblcapital.com । फोन नं.०१-४४२५२८० एक्सटेन्सन ४२२

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक

एनआईबिएल एस क्यापिटल लिमिटेड
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन नं. ४४२५२८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com
(साविक एनआइबिएल क्यापिटल मार्केट्स लिमिटेड तथा साविक एस क्यापिटल लिमिटेड)